# इस्लाममा शिक्षाको महत्व

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1436

IslamHouse.com

# أهمية العلم في الإسلام

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2014 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९८१४४९९१४०
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

**Email- atiqkhannp1982@yahoo.com**

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैंयहदिहिल्लाहु फलामिजिल्ला लहु व मैंयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसै माथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले शिक्षाको बारेमा केही महत्वपूर्ण ज्ञानवर्धक कुराहरू प्रस्तुत गर्ने प्रयास गरेको छु, र साथै समस्त कुराहरूलाई कुरआन र सही हदीसहरूको प्रकाशमा सिद्ध गर्ने प्रयास गरेको छु, ताकि प्रिय पाठकहरूलाई कुनै कुरामा कुनै प्रकारको सन्देह र असमन्जस बाँकी नरहोस् ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

प्रिय पाठकहरू ! यो संसार जबदेखि उत्पन्न गरियो, र जबदेखि यस पृथ्वीमा मानवजातिको बसोबासको आरम्भ हुने प्रमाण मिल्छ, त्यसै समयदेखि नै विशेषरूपले लौकिक र परलौकिक जीवनको लागि शिक्षाको महत्व देखिन्छ ।

यस संसारको पहिलो मनुष्य आदम (दम्पति) फरिश्ताहरू (स्वर्गदूतहरू) माथि प्रधानता पाउनु भयो केवल ज्ञानको कारण । अल्लाहको भनाई छ :

﴿ وَعَلَّمَ ءَادَمَ ٱلۡأَسۡمَآءَ كُلَّهَا ثُمَّ عَرَضَهُمۡ عَلَى ٱلۡمَلَٰٓئِكَةِ
فَقَالَ أَنۢبِـُٔونِي بِأَسۡمَآءِ هَٰٓؤُلَآءِ إِن كُنتُمۡ صَٰدِقِينَ ٣١
قَالُواْ سُبۡحَٰنَكَ لَا عِلۡمَ لَنَآ إِلَّا مَا عَلَّمۡتَنَآۖ إِنَّكَ أَنتَ ٱلۡعَلِيمُ
ٱلۡحَكِيمُ ٣٢ قَالَ يَٰٓـَٔادَمُ أَنۢبِئۡهُم بِأَسۡمَآئِهِمۡۖ فَلَمَّآ أَنۢبَأَهُم
بِأَسۡمَآئِهِمۡ قَالَ أَلَمۡ أَقُل لَّكُمۡ إِنِّيٓ أَعۡلَمُ غَيۡبَ ٱلسَّمَٰوَٰتِ
وَٱلۡأَرۡضِ وَأَعۡلَمُ مَا تُبۡدُونَ وَمَا كُنتُمۡ تَكۡتُمُونَ ٣٣ ﴾

البقرة: ٣١ - ٣٣

अर्थ : र, उसले आदमलाई सबै (वस्तुहरूको) नाम सिकाई ती कुराहरूलाई फरिश्ताहरू समक्ष प्रस्तुत गरेर भन्योः तिमी सत्य छौं भने मलाई यी कुराहरूको नाम भन । तिनीहरू सबैले भनेः हे अल्लाह तिमी पवित्र छौ । तिमीले जेजति ज्ञान हामीलाई प्रदान गरेका छौ, त्यस बाहेक हामीलाई केही थाहा छैन । निःसन्देह तिमी सर्वज्ञाता र तत्वदर्शी छौ । अल्लाहले आदमलाई आदेश दियो, “तिमीले ती कुराहरूको नाम भन । जब उनले ती कुराहरूको नाम भनिसके तब अल्लाहले भन्यो, के मैले तिमीहरूसित (पहिलानै) भनेको थिएन कि आकाशहरू र पृथ्वीका सारा अदृश्य कुराहरूलाई म नै जान्दछु र जे तिमी प्रकट गर्दछौ, अथवा लुकाइराख्दछौ (सबै) मलाई थाहा छ । ( सूरतुल् बकरः ३१-३३ )

अर्थात जब अल्लाहले फरिशताहरूसित भन्योकि यी वस्तुहरूको नाम बताऊ त उनीहरूले भन्नथालेः हे अल्लाह तिमी त पवित्र र सर्वज्ञानी छौ हामीलाई त त्यति नै ज्ञान छ जति तिमीले हामीलाई गराएका छौ तसर्थ यी वस्तुहरूको नाम हामीलाई कसरी थाहा हुन्सक्छ । अनि अल्लाहले हजरत आदमसित भन्नुभयोः हे आदम तिमी यी वस्तुहरूको नाम भन । अनि हजरत आदमले

फरफर सबै बस्तुहरूको नाम बताइहाले । त अल्लाहले यसै कारण फरिश्ताहरूलाई आदेश गऱ्यो कि आदमलाई ढोग गरुन् । यसकुराको तात्पर्य यो हो कि मात्र ज्ञानको कारण नै आदमलाई यो सम्मान दिइयो ।

र आदम पश्चात जति पनि सन्देष्टा र दूतहरू यस संसारमा पठाइए सबैलाई शिक्षाद्वारा सम्मानित गरियो, र हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम जुनकि लेख्नु र वढ्नुबाट अनभिज्ञ थिए उहाँको दूतत्वको आरम्भ नै निम्नका श्लोकहरूद्वारा गरियो :

﴿ ٱقۡرَأۡ بِٱسۡمِ رَبِّكَ ٱلَّذِي خَلَقَ ١ خَلَقَ ٱلۡإِنسَٰنَ مِنۡ عَلَقٍ ٢ ٱقۡرَأۡ وَرَبُّكَ ٱلۡأَكۡرَمُ ٣ ٱلَّذِي عَلَّمَ بِٱلۡقَلَمِ ٤ عَلَّمَ ٱلۡإِنسَٰنَ مَا لَمۡ يَعۡلَمۡ ٥ ﴾ العلق: ١ - ٥

अर्थ : आफ्नो पालनकर्ताको नाम लिएर पढ, जसले सृष्टि गऱ्यो । जसले मानिसलाई रगतको थोपाबाट बनायो । तिमी पढ्दै गर तिम्रो पालनकर्ता बडो दयावान छ । जसले कलमको माध्यमबाट शिक्षा प्रदान गऱ्यो । जसले मानिसलाई त्यो ज्ञान प्रदान गऱ्यो, जुन उसले जान्दैनथ्यो । ( सूरतुल् अलक १-५ )

यस संसारमा जति पनि समूह र देश एवं समाज र संस्कृतिले उन्नति र प्रगति प्राप्त गरेका छन् मात्र ज्ञान र विद्याको कारणले नै प्राप्त गरेका छन् । र जति पनि मानिसलाई ख्याति प्राप्त भयो मात्र ज्ञानको आधारमा, र जति पनि मनुष्यलाई मानवताको कल्याणकारी भन्न सकिन्छ ती सबै ज्ञानबाट सुसज्जित थिए ।

यस संसारमा गाडी, हवाइजहाज, पानी जहाज, रेल, मिसाइल, अधुनिक यन्त्रहरू .... आदि ज्ञानद्वारा नै बनाइयो । अर्थात यस संसारमा कुनै यस्तो वस्तु छैन जसको सम्बन्ध ज्ञानसित नहोस् ।

अल्लाहले यस संसारलाई ज्ञानीहरूबाट सुसज्जित गरेको छ, र बिना ज्ञान कुनै मनुष्य आफ्नो पालनकर्तालाई चिन्न सक्दैन । अल्लाहले प्रत्येक समुदायमा आफ्नो एउटा सन्देशवाहक पठायो र ती सन्देष्टाहरूलाई ज्ञानले सुसज्जित गरेको थियो यसर्थ उनीहरू अति ज्ञानी थिए । उदाहरणको लागि अल्लाहको यी कथनहरूमाथि विचार गर्नुस् !

﴿ وَلَمَّا بَلَغَ أَشُدَّهُۥٓ ءَاتَيۡنَٰهُ حُكۡمٗا وَعِلۡمٗاۚ وَكَذَٰلِكَ نَجۡزِي ٱلۡمُحۡسِنِينَ ٢٢ ﴾ يوسف: ٢٢

अर्थ : र जब उनले आफ्नो वयस्क अवस्था प्राप्त गरे, तब हामीले उनलाई शक्ति र ज्ञान प्रदान गऱ्यौ र असल कर्म गर्नेहरूलाई हामीले यस्तै किसिमले पुरस्कार प्रदान गर्ने गर्दछौं । (सूरतु यूसुफ २२ )

﴿ وَلَمَّا بَلَغَ أَشُدَّهُۥ وَٱسۡتَوَىٰٓ ءَاتَيۡنَٰهُ حُكۡمٗا وَعِلۡمٗاۚ وَكَذَٰلِكَ
نَجۡزِي ٱلۡمُحۡسِنِينَ ١٤ ﴾ القصص: ١٤

अर्थ : र जब मूसा(अलैहिस्सिलाम) तन्नेरी भए र पूर्णरूपले वयस्कता प्राप्त गरिसके, तब हामीले उनलाई निर्णयशक्ति र ज्ञान प्रदान गऱ्यौं । सुकर्म गर्नेहरूलाई हामीले यस्तै प्रकारले पुरस्कृत गर्दछौं । ( सूरतुल् कसस १४ )

र अल्लाहले आफ्नो सन्देष्टा दाऊद र सुलैमानको बारेमा भनेका छन् :

﴿ وَدَاوُۥدَ وَسُلَيۡمَٰنَ إِذۡ يَحۡكُمَانِ فِي ٱلۡحَرۡثِ إِذۡ نَفَشَتۡ
فِيهِ غَنَمُ ٱلۡقَوۡمِ وَكُنَّا لِحُكۡمِهِمۡ شَٰهِدِينَ ٧٨
فَفَهَّمۡنَٰهَا سُلَيۡمَٰنَۚ وَكُلًّا ءَاتَيۡنَا حُكۡمٗا وَعِلۡمٗاۚ وَسَخَّرۡنَا
مَعَ دَاوُۥدَ ٱلۡجِبَالَ يُسَبِّحۡنَ وَٱلطَّيۡرَۚ وَكُنَّا فَٰعِلِينَ ٧٩
وَعَلَّمۡنَٰهُ صَنۡعَةَ لَبُوسٖ لَّكُمۡ لِتُحۡصِنَكُم مِّنۢ بَأۡسِكُمۡۖ

فَهَلۡ أَنتُمۡ شَٰكِرُونَ ۝٨٠ وَلِسُلَيۡمَٰنَ ٱلرِّيحَ عَاصِفَةٗ تَجۡرِي بِأَمۡرِهِۦٓ
إِلَى ٱلۡأَرۡضِ ٱلَّتِي بَٰرَكۡنَا فِيهَاۚ وَكُنَّا بِكُلِّ شَيۡءٍ عَٰلِمِينَ ۝٨١

﴿ الأنبياء: ٧٨ - ٨١

अर्थ : र "दाऊद"(अलैहस्सिलाम) र "सुलैमान" ( अलैहस्सिलाम)लाई सम्झनुस् जबकी उनीहरू खेत सम्बन्धी कुरामा निर्णय गरिराखेका थिए त्यतिखेर केही मानिसहरूका बाख्राहरू त्यसमा चरेका थिए, र तिनीहरूको निर्णयमा हामी उपस्थित थियौं। अनि हामीले त्यस विवादको सही निर्णय सुलैमान (अलहिस्स्लामै)लाई सम्झाइदियौं। र हामीले दुवैलाई निर्णय शक्ति र ज्ञान प्रदान गरेका थियौं र हामीले पहाडहरूलाई र चराहरूलाई पनि दाऊद ( अलैहस्सिलाम)को अधीनमा गरिदिएका थियौं जसले कि उनीसँगै अल्लाहको स्तुती गर्दथे र यस्तो गर्नेवाला हामी नै थियौं। र हामीले उनलाई तिमीहरूका लागी परिधान (अर्थात कवचको शिल्पकला) पनि सिकाएका थियौं ताकि युद्धको क्षतिबाट तिम्रो रक्षा होस् , त के तिमी अनुग्रहित बन्ने छौ ? सुलैमान ( अलैहस्सिलाम) को अधीनमा हामीले तीव्र वायुलाई वशीभूत गरिदिएका थियौं, जुन

उनको आदेश अनुसार यस भू-भागतिर चल्थ्यो जहाँ हामीले बरकत प्रदान गरेका थियौं । र हामी त हरेक कुराको ज्ञाता हौं । ( सूरतुल् अम्बिया ( ७८-८१ )

र हजरत लूत अलैहिस्सलामको बारेमा अल्लाहको भनाई छ :

﴿ وَلُوطًا ءَاتَيۡنَٰهُ حُكۡمٗا وَعِلۡمٗا وَنَجَّيۡنَٰهُ مِنَ ٱلۡقَرۡيَةِ ٱلَّتِي كَانَت تَّعۡمَلُ ٱلۡخَبَٰٓئِثَۚ إِنَّهُمۡ كَانُواْ قَوۡمَ سَوۡءٖ فَٰسِقِينَ ٧٤ ﴾ الأنبياء: ٧٤

अर्थ : हामीले "लूत (अलैहिस्सलाम) लाई" पनि आदेश र ज्ञान प्रदान गऱ्यौं र उनलाई त्यस बस्तीबाट छुटकारा दिलायौं जहाँका मानिसहरू नराम्रो कर्म गर्दथिए । वास्तवमा तिनीहरू साह्रै नै नराम्रो र उल्लघंनकारी थिए । ( सूरतुल् अम्बिया ७४ )

र हजरत खिज्रको बारेमा वर्णन गर्दै अल्लाहको भनाई छ :

﴿ فَوَجَدَا عَبۡدٗا مِّنۡ عِبَادِنَآ ءَاتَيۡنَٰهُ رَحۡمَةٗ مِّنۡ عِندِنَا وَعَلَّمۡنَٰهُ مِن لَّدُنَّا عِلۡمٗا ٦٥ ﴾ الكهف: ٦٥

अर्थ : यसरी उनले हाम्रा भक्तहरू मध्ये एउटा भक्त भेट्टाए, जसलाई हामीले आफू कहाँबाट विशेष दया प्रदान गरेका थियौं र आफ्नो तर्फबाट उसलाई विशेष ज्ञान प्रदान गरेका थियौं । ( सूरतुल् कहफ ६५ )

त उपरोक्तका श्लोकहरूबाट यो सिद्ध हुन्छ कि ज्ञान नै त्यो तत्व हो जसद्वारा मान्छे सम्मानित हुन्छ र लोक परलोकका लाभहरू प्राप्त गर्न सक्छ ।

प्रिय पाठकहरू हो ! ज्ञानीको प्रधानता सदैंवदेखि कायम छ र सदैंव कायम नै रहन्छ । अल्लाहको फर्मान छ :

﴿ أَمَّنْ هُوَ قَٰنِتٌ ءَانَآءَ ٱلَّيْلِ سَاجِدًا وَقَآئِمًا يَحْذَرُ ٱلْءَاخِرَةَ
وَيَرْجُوا۟ رَحْمَةَ رَبِّهِۦ ۗ قُلْ هَلْ يَسْتَوِى ٱلَّذِينَ يَعْلَمُونَ وَٱلَّذِينَ لَا
يَعْلَمُونَ ۗ إِنَّمَا يَتَذَكَّرُ أُو۟لُوا۟ ٱلْأَلْبَٰبِ ﴿٩﴾ ﴾ الزمر: ٩

अर्थ : त्यो व्यक्ति जसले रातको समयमा सजदा (उपासना) गर्दछ र उपासनामा उभिरहन्छ, आखिरतसित डर्छ र आफ्नो पालनकर्ताको दयाको आशा राख्दछ त्यो र यसको विपरीत गर्नेवाला के बराबर हुन सक्दछन् ? भन कि "के उनीहरू जो ज्ञानी छन् र उनीहरू जो अज्ञानी छन् दुवै समान

हुनेछन् ? निश्चित रूपले शिक्षा त तिनैले ग्रहण गर्छन् जो बुद्धिवाला (सक्षम) छन् ।" (सूतरज्जुमर ९)

त हे भाइ ! ज्ञान प्रकाश हो र अज्ञानता अन्धकार, ज्ञानी दृष्टि राख्ने मान्छे हो र अज्ञानी दृष्टिहीन । के दुवै एकनास हुन्सक्छन् ? कदापि यस्तो हुन्सक्दैन ।

इस्लामले ज्ञानलाई यति महत्व दिएको छ , के कारण हो ? इस्लामको दृष्टिमा अज्ञानी पूर्ण आस्थावान हुनै सक्दैन किन ?

यसजस्ता सबै प्रश्नहरूको उत्तर हो ! पूर्णरूपले मुसलमान र आस्थावान बन्नुको लागि । किनकि जुन श्लोक जसलाई कल्मए तैयिबा अर्थात मूल मन्त्र भनिन्छ त्यसको उच्चारण गर्नु मात्र इस्लाम र आस्थाको लागि प्रयाप्त छैन बरु त्यसबारे ज्ञान प्राप्त गरी त्यसै बमोजिम कर्म गर्नु अति आवश्यक छ । अर्थात इस्लाममा प्रवेश गर्नुको लागि ज्ञान अति आवश्यक छ र मुसलमान भए पश्चात त्यसलाई कोही पथभ्रमित नगरिदेओस् यसकारण पनि ज्ञान हुनु अति आवश्यक छ । जसरी कि एउटा मान्छे छ, जसले डाइनासोरलाई हेरेको छैन र त्यसको बारेमा त्यस मान्छेलाई कुनै ज्ञान पनि छैन, अनि त्यसलाई जुनसुकैले

पनि भ्रमित गर्न सक्छ र कुकुरलाई देखाएर भन्न सक्छ कि डाइनासोर यस्तै हुन्छ । अर्थात ज्ञान नभएको कारण त्यो मान्छे भ्रमित भई त्यस मान्छेको कुरोलाई स्वीकार गर्नुमा बाध्य भइहाल्छ ।

तर यदि त्यस मान्छेलाई डाइनासोरको बारेमा ज्ञान छ भने त्यो मान्छे बताउने मान्छेको विरोध गर्छ, र भन्छः यो त कुकुर हो, डाइनासोरको आकार त अर्कै हुन्छ ।

त कुरोको तात्पर्य योकि इस्लामको जग नै एकेश्वरवादमाथि छ, मुसलमान हुनुको लागि यो आस्था राख्नु अति जरुरी छ कि अल्लाह एक छ त्यो निराकार छ, त्यसको आकारको बारेमा कसैलाई ज्ञान छैन, र जुन मनुष्यहरू त्यसको आकार बनाएर पूज्दछन् उनीभन्दा पथभ्रमित कोही पनि छैन, अल्लाह नै दाता हो, अल्लाह नै स्रष्टा हो, अल्लाह अमर छ त्यो आदि र अन्त हो, त्यही नै यस संसारको रचयता र संचालक हो, त्यो जाहेर गोप्य परोक्ष अपरोक्षको ज्ञाता हो ..... आदि ।

त यस बाहेक अरु जति पनि इस्लामीय आस्था र निर्देशनहरू छन् सबैको जग ज्ञानमाथि छ । यदि भक्तलाई यो ज्ञान नै छैन कि उसको पूज्य कस्तो

छ उसको के कति विशेषताहरू छन् भने त्यसलाई जुनसुकैले पनि पथभ्रमित गर्न सक्छ। यसैकारण मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : ज्ञान प्राप्त गर्नु प्रत्येक मुसलमानमाथि अनिवार्य छ। ( तिर्मिजी )

र आर्को हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : विद्वानहरू सन्देष्टाहरूका प्रतिनिधि हुन्। ( अबू दाऊद, तिर्मिजी )

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : विद्वानको श्रेष्ठता अनभिज्ञ भक्तमाथि यस्तै छ जसरी चन्द्रको श्रेष्ठता समस्त ताराहरू माथि छ। ( अबू दाऊद, तिर्मिजी )

त विद्या अल्लाहको प्रकाश हो, यसद्वारा अल्लाह अन्धकारलाई हटाउँछ, र जस मान्छेमाथि अल्लाह आफ्नो कृपा गर्न चाहन्छ त्यसलाई ज्ञानी बनाइदिन्छ। रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : जसमाथि अल्लाह कृपा गर्न चाहन्छ त्यसलाई धर्मज्ञानी बनाइदिन्छ । ( बुखारी, मुस्लिम )

र त्यो ज्ञान नै हो जसको कारण हजरत इब्राहीम अलैहिस्सलामले नम्रुद नामक नास्तिक राजालाई पराजित गर्नु भयो । र यो यसरी जब दुवै बीच वादविवाद भयो र नमरुदले हजरत इब्राहीमसित भन्योः तिम्रो पालनहार को हो ? र के गर्न सक्छ ? त हजरत इब्राहीमले भन्नु भयोः मेरो पालनकर्ता जीवन र मृतयुको स्वामी हो, त्यो नै जीवन प्रदान गर्छ र मृत्यु पनि । त त्यस मूर्ख राजाले भन्न थाल्योः यो त म पनि गर्न सक्छु, अनि एउटा कैदी मान्छेलाई मारेर आर्कोलाई कैदबाट स्वतन्त्र गर्‍यो, र भन्यो हेर मैले पनि जीवन र मृत्यु प्रदान गरें । अर्थात मैले पनि तयही कार्य गरें जुन तिम्रो पालनकर्ता गर्छ । त हजरत इब्राहीमले राजाको मूर्खता र अनभिज्ञतामाथि आश्चर्य मान्दै भनेः मेरो पालनकर्ता सूर्यलाई पूर्व दिशाबाट उदय गराएर पश्चिममा अस्ताउँछ तिमी यसो गर कि पश्चिमबाट उदय गराएर पूर्वमा अस्ताई देऊ । त त्यो मूर्ख राजा आश्चर्य चकित भएर लाटो झैं भयो केही उत्तर दिन्सकेन ।

त यो विजय शिक्षा र ज्ञानको थियो । र त्यो राजा अनभिज्ञताको कारण नै पराजित भयो ।

अल्लाहले यस वृतान्तलाई कुरआनमा यसरी वर्णन गर्नु भएको छ :

﴿ أَلَمْ تَرَ إِلَى ٱلَّذِى حَآجَّ إِبْرَٰهِـۧمَ فِى رَبِّهِۦٓ أَنْ ءَاتَىٰهُ ٱللَّهُ ٱلْمُلْكَ إِذْ قَالَ إِبْرَٰهِـۧمُ رَبِّىَ ٱلَّذِى يُحْىِۦ وَيُمِيتُ قَالَ أَنَا۠ أُحْىِۦ وَأُمِيتُ ۖ قَالَ إِبْرَٰهِـۧمُ فَإِنَّ ٱللَّهَ يَأْتِى بِٱلشَّمْسِ مِنَ ٱلْمَشْرِقِ فَأْتِ بِهَا مِنَ ٱلْمَغْرِبِ فَبُهِتَ ٱلَّذِى كَفَرَ ۗ وَٱللَّهُ لَا يَهْدِى ٱلْقَوْمَ ٱلظَّٰلِمِينَ ۝٢٥٨ ﴾ البقرة: ٢٥٨

अर्थ : के तिमीले त्यस मान्छेलाई देखेनौं, जसले राज्यसत्ता पाएर, इब्राहीम(अलैहिस्सलाम) सित पालनकर्ताको बारेमा विवाद गर्न थाल्यो ? जब इब्राहीमले भने, मेरो पालनहार त त्यो हो जसले जीवित राख्दछ र मार्दछ । उसले भन्यो कि जीवित राख्ने र मार्ने काम त म पनि गर्दछु । इब्राहीमले भने कि अल्लाहले त सूर्यलाई पूर्वबाट उदाउन लगाउँछ, तिमीले उसलाई पश्चिमबाट उदाउन लगाइदेऊ । (यो सुनेर) त्यो काफिर आश्चर्य चकित भयो र अल्लाह अत्याचारीहरूलाई मार्गदर्शन गर्दैन । ( सूरतुल् बकर: २५८ )

यस्तै हजरत यूसुफ अलैहिस्सलामलाई पनि ज्ञानको आधारमा नै उहाँका भाइहरू माथि प्रधानता मिलेको थियो, र ज्ञानको आधारमा नै उहाँलाई मिस्रको राज्य प्राप्त भएको थियो । र यो यसरी कि जब मिस्रको राजाले सपनामा यो हेऱ्यो कि सातवटी दुब्ली पात्ली गाईहरू सातवटी स्वस्थ गाईलाई खाइदिन्छन् त राजालाई आश्चर्य भयो र त्यसले आफ्ना दरबारीहरूसित सोध्यो: मलाई यस सपनाको व्याख्या र अर्थ बताऊ, र जब सबै असमर्थ भए त थुनामा बसेको अवस्थामा नै हजरत यूसुफले यस सपनाको व्याख्या बताए किनकि उहाँलाई अल्लाहले सपनाको व्याख्या गर्ने विशेष ज्ञान प्रदान गरेको थियो । अनि उहाँलाई मिश्रको ढुकुटीपाल नियुक्त गरियो यसरी उहाँलाई मिश्रको राज्य प्राप्त भयो । र यस कथालाई अल्लाहले पवित्र कुरआनमा यसरी वर्णन गरेका छन् :

﴿ الٓر تِلۡكَ ءَايَٰتُ ٱلۡكِتَٰبِ ٱلۡمُبِينِ ١ إِنَّآ أَنزَلۡنَٰهُ قُرۡءَٰنًا
عَرَبِيّٗا لَّعَلَّكُمۡ تَعۡقِلُونَ ٢ نَحۡنُ نَقُصُّ عَلَيۡكَ أَحۡسَنَ
ٱلۡقَصَصِ بِمَآ أَوۡحَيۡنَآ إِلَيۡكَ هَٰذَا ٱلۡقُرۡءَانَ وَإِن كُنتَ
مِن قَبۡلِهِۦ لَمِنَ ٱلۡغَٰفِلِينَ ٣ إِذۡ قَالَ يُوسُفُ لِأَبِيهِ

يَٰٓأَبَتِ إِنِّي رَأَيۡتُ أَحَدَ عَشَرَ كَوۡكَبٗا وَٱلشَّمۡسَ وَٱلۡقَمَرَ رَأَيۡتُهُمۡ
لِي سَٰجِدِينَ ٤ قَالَ يَٰبُنَيَّ لَا تَقۡصُصۡ رُءۡيَاكَ عَلَىٰٓ
إِخۡوَتِكَ فَيَكِيدُواْ لَكَ كَيۡدًاۖ إِنَّ ٱلشَّيۡطَٰنَ لِلۡإِنسَٰنِ عَدُوّٞ
مُّبِينٞ ٥ وَكَذَٰلِكَ يَجۡتَبِيكَ رَبُّكَ وَيُعَلِّمُكَ مِن تَأۡوِيلِ
ٱلۡأَحَادِيثِ وَيُتِمُّ نِعۡمَتَهُۥ عَلَيۡكَ وَعَلَىٰٓ ءَالِ يَعۡقُوبَ كَمَآ
أَتَمَّهَا عَلَىٰٓ أَبَوَيۡكَ مِن قَبۡلُ إِبۡرَٰهِيمَ وَإِسۡحَٰقَۚ إِنَّ رَبَّكَ عَلِيمٌ
حَكِيمٞ ٦ ۞ لَّقَدۡ كَانَ فِي يُوسُفَ وَإِخۡوَتِهِۦٓ ءَايَٰتٞ
لِّلسَّآئِلِينَ ٧ إِذۡ قَالُواْ لَيُوسُفُ وَأَخُوهُ أَحَبُّ إِلَىٰٓ أَبِينَا
مِنَّا وَنَحۡنُ عُصۡبَةٌ إِنَّ أَبَانَا لَفِي ضَلَٰلٖ مُّبِينٍ ٨ ٱقۡتُلُواْ
يُوسُفَ أَوِ ٱطۡرَحُوهُ أَرۡضٗا يَخۡلُ لَكُمۡ وَجۡهُ أَبِيكُمۡ وَتَكُونُواْ مِنۢ
بَعۡدِهِۦ قَوۡمٗا صَٰلِحِينَ ٩ قَالَ قَآئِلٞ مِّنۡهُمۡ لَا تَقۡتُلُواْ يُوسُفَ
وَأَلۡقُوهُ فِي غَيَٰبَتِ ٱلۡجُبِّ يَلۡتَقِطۡهُ بَعۡضُ ٱلسَّيَّارَةِ إِن كُنتُمۡ
فَٰعِلِينَ ١٠ قَالُواْ يَٰٓأَبَانَا مَا لَكَ لَا تَأۡمَ۫نَّا عَلَىٰ يُوسُفَ وَإِنَّا لَهُۥ
لَنَٰصِحُونَ ١١ أَرۡسِلۡهُ مَعَنَا غَدٗا يَرۡتَعۡ وَيَلۡعَبۡ وَإِنَّا لَهُۥ

لَحَٰفِظُونَ ١٢ قَالَ إِنِّي لَيَحۡزُنُنِيٓ أَن تَذۡهَبُواْ بِهِۦ وَأَخَافُ
أَن يَأۡكُلَهُ ٱلذِّئۡبُ وَأَنتُمۡ عَنۡهُ غَٰفِلُونَ ١٣ قَالُواْ لَئِنۡ
أَكَلَهُ ٱلذِّئۡبُ وَنَحۡنُ عُصۡبَةٌ إِنَّآ إِذٗا لَّخَٰسِرُونَ ١٤
فَلَمَّا ذَهَبُواْ بِهِۦ وَأَجۡمَعُوٓاْ أَن يَجۡعَلُوهُ فِي غَيَٰبَتِ ٱلۡجُبِّۚ وَأَوۡحَيۡنَآ
إِلَيۡهِ لَتُنَبِّئَنَّهُم بِأَمۡرِهِمۡ هَٰذَا وَهُمۡ لَا يَشۡعُرُونَ ١٥ وَجَآءُوٓ
أَبَاهُمۡ عِشَآءٗ يَبۡكُونَ ١٦ قَالُواْ يَٰٓأَبَانَآ إِنَّا ذَهَبۡنَا نَسۡتَبِقُ
وَتَرَكۡنَا يُوسُفَ عِندَ مَتَٰعِنَا فَأَكَلَهُ ٱلذِّئۡبُۖ وَمَآ أَنتَ
بِمُؤۡمِنٖ لَّنَا وَلَوۡ كُنَّا صَٰدِقِينَ ١٧ وَجَآءُو عَلَىٰ قَمِيصِهِۦ
بِدَمٖ كَذِبٖۚ قَالَ بَلۡ سَوَّلَتۡ لَكُمۡ أَنفُسُكُمۡ أَمۡرٗاۖ فَصَبۡرٞ جَمِيلٞۖ
وَٱللَّهُ ٱلۡمُسۡتَعَانُ عَلَىٰ مَا تَصِفُونَ ١٨ وَجَآءَتۡ سَيَّارَةٞ فَأَرۡسَلُواْ
وَارِدَهُمۡ فَأَدۡلَىٰ دَلۡوَهُۥۖ قَالَ يَٰبُشۡرَىٰ هَٰذَا غُلَٰمٞۚ وَأَسَرُّوهُ بِضَٰعَةٗۚ
وَٱللَّهُ عَلِيمُۢ بِمَا يَعۡمَلُونَ ١٩ وَشَرَوۡهُ بِثَمَنِۭ بَخۡسٖ
دَرَٰهِمَ مَعۡدُودَةٖ وَكَانُواْ فِيهِ مِنَ ٱلزَّٰهِدِينَ ٢٠ وَقَالَ
ٱلَّذِي ٱشۡتَرَىٰهُ مِن مِّصۡرَ لِٱمۡرَأَتِهِۦٓ أَكۡرِمِي مَثۡوَىٰهُ عَسَىٰٓ

أَن يَنفَعَنَآ أَوۡ نَتَّخِذَهُۥ وَلَدٗاۚ وَكَذَٰلِكَ مَكَّنَّا لِيُوسُفَ فِي
ٱلۡأَرۡضِ وَلِنُعَلِّمَهُۥ مِن تَأۡوِيلِ ٱلۡأَحَادِيثِۚ وَٱللَّهُ غَالِبٌ عَلَىٰٓ
أَمۡرِهِۦ وَلَٰكِنَّ أَكۡثَرَ ٱلنَّاسِ لَا يَعۡلَمُونَ ٢١ وَلَمَّا بَلَغَ
أَشُدَّهُۥٓ ءَاتَيۡنَٰهُ حُكۡمٗا وَعِلۡمٗاۚ وَكَذَٰلِكَ نَجۡزِي ٱلۡمُحۡسِنِينَ ٢٢
وَرَٰوَدَتۡهُ ٱلَّتِي هُوَ فِي بَيۡتِهَا عَن نَّفۡسِهِۦ وَغَلَّقَتِ ٱلۡأَبۡوَٰبَ
وَقَالَتۡ هَيۡتَ لَكَۚ قَالَ مَعَاذَ ٱللَّهِۖ إِنَّهُۥ رَبِّيٓ أَحۡسَنَ مَثۡوَايَۖ
إِنَّهُۥ لَا يُفۡلِحُ ٱلظَّٰلِمُونَ ٢٣ وَلَقَدۡ هَمَّتۡ بِهِۦۖ وَهَمَّ بِهَا
لَوۡلَآ أَن رَّءَا بُرۡهَٰنَ رَبِّهِۦۚ كَذَٰلِكَ لِنَصۡرِفَ عَنۡهُ ٱلسُّوٓءَ
وَٱلۡفَحۡشَآءَۚ إِنَّهُۥ مِنۡ عِبَادِنَا ٱلۡمُخۡلَصِينَ ٢٤ وَٱسۡتَبَقَا
ٱلۡبَابَ وَقَدَّتۡ قَمِيصَهُۥ مِن دُبُرٖ وَأَلۡفَيَا سَيِّدَهَا لَدَا ٱلۡبَابِۚ
قَالَتۡ مَا جَزَآءُ مَنۡ أَرَادَ بِأَهۡلِكَ سُوٓءًا إِلَّآ أَن يُسۡجَنَ أَوۡ
عَذَابٌ أَلِيمٞ ٢٥ قَالَ هِيَ رَٰوَدَتۡنِي عَن نَّفۡسِيۚ وَشَهِدَ
شَاهِدٞ مِّنۡ أَهۡلِهَآ إِن كَانَ قَمِيصُهُۥ قُدَّ مِن قُبُلٖ
فَصَدَقَتۡ وَهُوَ مِنَ ٱلۡكَٰذِبِينَ ٢٦ وَإِن كَانَ قَمِيصُهُۥ قُدَّ

مِن دُبُرٖ فَكَذَبَتۡ وَهُوَ مِنَ ٱلصَّٰدِقِينَ ٢٧ فَلَمَّا رَءَا قَمِيصَهُۥ
قُدَّ مِن دُبُرٖ قَالَ إِنَّهُۥ مِن كَيۡدِكُنَّۖ إِنَّ كَيۡدَكُنَّ عَظِيمٞ
٢٨ يُوسُفُ أَعۡرِضۡ عَنۡ هَٰذَاۚ وَٱسۡتَغۡفِرِي لِذَنۢبِكِۖ إِنَّكِ
كُنتِ مِنَ ٱلۡخَاطِـِٔينَ ٢٩ ۞ وَقَالَ نِسۡوَةٞ فِي
ٱلۡمَدِينَةِ ٱمۡرَأَتُ ٱلۡعَزِيزِ تُرَٰوِدُ فَتَىٰهَا عَن نَّفۡسِهِۦۖ قَدۡ شَغَفَهَا
حُبًّاۖ إِنَّا لَنَرَىٰهَا فِي ضَلَٰلٖ مُّبِينٖ ٣٠ فَلَمَّا سَمِعَتۡ بِمَكۡرِهِنَّ
أَرۡسَلَتۡ إِلَيۡهِنَّ وَأَعۡتَدَتۡ لَهُنَّ مُتَّكَـٔٗا وَءَاتَتۡ كُلَّ وَٰحِدَةٖ مِّنۡهُنَّ
سِكِّينٗا وَقَالَتِ ٱخۡرُجۡ عَلَيۡهِنَّۖ فَلَمَّا رَأَيۡنَهُۥٓ أَكۡبَرۡنَهُۥ وَقَطَّعۡنَ أَيۡدِيَهُنَّ
وَقُلۡنَ حَٰشَ لِلَّهِ مَا هَٰذَا بَشَرًا إِنۡ هَٰذَآ إِلَّا مَلَكٞ كَرِيمٞ ٣١
قَالَتۡ فَذَٰلِكُنَّ ٱلَّذِي لُمۡتُنَّنِي فِيهِۖ وَلَقَدۡ رَٰوَدتُّهُۥ عَن نَّفۡسِهِۦ
فَٱسۡتَعۡصَمَۖ وَلَئِن لَّمۡ يَفۡعَلۡ مَآ ءَامُرُهُۥ لَيُسۡجَنَنَّ وَلَيَكُونٗا مِّنَ
ٱلصَّٰغِرِينَ ٣٢ قَالَ رَبِّ ٱلسِّجۡنُ أَحَبُّ إِلَيَّ مِمَّا يَدۡعُونَنِيٓ
إِلَيۡهِۖ وَإِلَّا تَصۡرِفۡ عَنِّي كَيۡدَهُنَّ أَصۡبُ إِلَيۡهِنَّ وَأَكُن مِّنَ
ٱلۡجَٰهِلِينَ ٣٣ فَٱسۡتَجَابَ لَهُۥ رَبُّهُۥ فَصَرَفَ عَنۡهُ كَيۡدَهُنَّۚ إِنَّهُۥ

هُوَ ٱلسَّمِيعُ ٱلۡعَلِيمُ ﴿٣٤﴾ ثُمَّ بَدَا لَهُم مِّنۢ بَعۡدِ مَا رَأَوُاْ ٱلۡأٓيَٰتِ
لَيَسۡجُنُنَّهُۥ حَتَّىٰ حِينٖ ﴿٣٥﴾ وَدَخَلَ مَعَهُ ٱلسِّجۡنَ فَتَيَانِۖ
قَالَ أَحَدُهُمَآ إِنِّيٓ أَرَىٰنِيٓ أَعۡصِرُ خَمۡرٗاۖ وَقَالَ ٱلۡأٓخَرُ إِنِّيٓ
أَرَىٰنِيٓ أَحۡمِلُ فَوۡقَ رَأۡسِي خُبۡزٗا تَأۡكُلُ ٱلطَّيۡرُ مِنۡهُۖ نَبِّئۡنَا
بِتَأۡوِيلِهِۦٓۖ إِنَّا نَرَىٰكَ مِنَ ٱلۡمُحۡسِنِينَ ﴿٣٦﴾ قَالَ لَا يَأۡتِيكُمَا
طَعَامٞ تُرۡزَقَانِهِۦٓ إِلَّا نَبَّأۡتُكُمَا بِتَأۡوِيلِهِۦ قَبۡلَ أَن يَأۡتِيَكُمَاۚ
ذَٰلِكُمَا مِمَّا عَلَّمَنِي رَبِّيٓۚ إِنِّي تَرَكۡتُ مِلَّةَ قَوۡمٖ لَّا يُؤۡمِنُونَ بِٱللَّهِ
وَهُم بِٱلۡأٓخِرَةِ هُمۡ كَٰفِرُونَ ﴿٣٧﴾ وَٱتَّبَعۡتُ مِلَّةَ ءَابَآءِيٓ
إِبۡرَٰهِيمَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَۚ مَا كَانَ لَنَآ أَن نُّشۡرِكَ بِٱللَّهِ
مِن شَيۡءٖۚ ذَٰلِكَ مِن فَضۡلِ ٱللَّهِ عَلَيۡنَا وَعَلَى ٱلنَّاسِ وَلَٰكِنَّ
أَكۡثَرَ ٱلنَّاسِ لَا يَشۡكُرُونَ ﴿٣٨﴾ يَٰصَٰحِبَيِ ٱلسِّجۡنِ
ءَأَرۡبَابٞ مُّتَفَرِّقُونَ خَيۡرٌ أَمِ ٱللَّهُ ٱلۡوَٰحِدُ ٱلۡقَهَّارُ ﴿٣٩﴾ مَا
تَعۡبُدُونَ مِن دُونِهِۦٓ إِلَّآ أَسۡمَآءٗ سَمَّيۡتُمُوهَآ أَنتُمۡ
وَءَابَآؤُكُم مَّآ أَنزَلَ ٱللَّهُ بِهَا مِن سُلۡطَٰنٍۚ إِنِ ٱلۡحُكۡمُ إِلَّا لِلَّهِۚ

أَمَرَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُۚ ذَٰلِكَ ٱلدِّينُ ٱلۡقَيِّمُ وَلَٰكِنَّ أَكۡثَرَ
ٱلنَّاسِ لَا يَعۡلَمُونَ ٤٠ يَٰصَٰحِبَيِ ٱلسِّجۡنِ أَمَّآ أَحَدُكُمَا
فَيَسۡقِي رَبَّهُۥ خَمۡرٗاۖ وَأَمَّا ٱلۡأٓخَرُ فَيُصۡلَبُ فَتَأۡكُلُ ٱلطَّيۡرُ
مِن رَّأۡسِهِۦۚ قُضِيَ ٱلۡأَمۡرُ ٱلَّذِي فِيهِ تَسۡتَفۡتِيَانِ ٤١ وَقَالَ لِلَّذِي
ظَنَّ أَنَّهُۥ نَاجٖ مِّنۡهُمَا ٱذۡكُرۡنِي عِندَ رَبِّكَ فَأَنسَىٰهُ
ٱلشَّيۡطَٰنُ ذِكۡرَ رَبِّهِۦ فَلَبِثَ فِي ٱلسِّجۡنِ بِضۡعَ سِنِينَ
٤٢ وَقَالَ ٱلۡمَلِكُ إِنِّيٓ أَرَىٰ سَبۡعَ بَقَرَٰتٖ سِمَانٖ يَأۡكُلُهُنَّ
سَبۡعٌ عِجَافٞ وَسَبۡعَ سُنۢبُلَٰتٍ خُضۡرٖ وَأُخَرَ يَابِسَٰتٖۖ
يَٰٓأَيُّهَا ٱلۡمَلَأُ أَفۡتُونِي فِي رُءۡيَٰيَ إِن كُنتُمۡ لِلرُّءۡيَا تَعۡبُرُونَ
٤٣ قَالُوٓاْ أَضۡغَٰثُ أَحۡلَٰمٖۖ وَمَا نَحۡنُ بِتَأۡوِيلِ ٱلۡأَحۡلَٰمِ بِعَٰلِمِينَ
٤٤ وَقَالَ ٱلَّذِي نَجَا مِنۡهُمَا وَٱدَّكَرَ بَعۡدَ أُمَّةٍ أَنَا۠ أُنَبِّئُكُم
بِتَأۡوِيلِهِۦ فَأَرۡسِلُونِ ٤٥ يُوسُفُ أَيُّهَا ٱلصِّدِّيقُ أَفۡتِنَا فِي سَبۡعِ
بَقَرَٰتٖ سِمَانٖ يَأۡكُلُهُنَّ سَبۡعٌ عِجَافٞ وَسَبۡعِ سُنۢبُلَٰتٍ
خُضۡرٖ وَأُخَرَ يَابِسَٰتٖ لَّعَلِّيٓ أَرۡجِعُ إِلَى ٱلنَّاسِ لَعَلَّهُمۡ يَعۡلَمُونَ

﴿٤٦﴾ قَالَ تَزۡرَعُونَ سَبۡعَ سِنِينَ دَأَبٗا فَمَا حَصَدتُّمۡ فَذَرُوهُ فِي
سُنۢبُلِهِۦٓ إِلَّا قَلِيلٗا مِّمَّا تَأۡكُلُونَ ﴿٤٧﴾ ثُمَّ يَأۡتِي مِنۢ بَعۡدِ ذَٰلِكَ سَبۡعٞ
شِدَادٞ يَأۡكُلۡنَ مَا قَدَّمۡتُمۡ لَهُنَّ إِلَّا قَلِيلٗا مِّمَّا تُحۡصِنُونَ ﴿٤٨﴾ ثُمَّ يَأۡتِي
مِنۢ بَعۡدِ ذَٰلِكَ عَامٞ فِيهِ يُغَاثُ ٱلنَّاسُ وَفِيهِ يَعۡصِرُونَ ﴿٤٩﴾ وَقَالَ
ٱلۡمَلِكُ ٱئۡتُونِي بِهِۦۖ فَلَمَّا جَآءَهُ ٱلرَّسُولُ قَالَ ٱرۡجِعۡ إِلَىٰ رَبِّكَ
فَسۡـَٔلۡهُ مَا بَالُ ٱلنِّسۡوَةِ ٱلَّٰتِي قَطَّعۡنَ أَيۡدِيَهُنَّۚ إِنَّ رَبِّي بِكَيۡدِهِنَّ
عَلِيمٞ ﴿٥٠﴾ قَالَ مَا خَطۡبُكُنَّ إِذۡ رَٰوَدتُّنَّ يُوسُفَ عَن نَّفۡسِهِۦۚ
قُلۡنَ حَٰشَ لِلَّهِ مَا عَلِمۡنَا عَلَيۡهِ مِن سُوٓءٖۚ قَالَتِ ٱمۡرَأَتُ
ٱلۡعَزِيزِ ٱلۡـَٰٔنَ حَصۡحَصَ ٱلۡحَقُّ أَنَا۠ رَٰوَدتُّهُۥ عَن نَّفۡسِهِۦ وَإِنَّهُۥ لَمِنَ
ٱلصَّٰدِقِينَ ﴿٥١﴾ ذَٰلِكَ لِيَعۡلَمَ أَنِّي لَمۡ أَخُنۡهُ بِٱلۡغَيۡبِ وَأَنَّ ٱللَّهَ لَا
يَهۡدِي كَيۡدَ ٱلۡخَآئِنِينَ ﴿٥٢﴾ ۞ وَمَآ أُبَرِّئُ نَفۡسِيٓۚ إِنَّ ٱلنَّفۡسَ
لَأَمَّارَةُۢ بِٱلسُّوٓءِ إِلَّا مَا رَحِمَ رَبِّيٓۚ إِنَّ رَبِّي غَفُورٞ رَّحِيمٞ ﴿٥٣﴾
وَقَالَ ٱلۡمَلِكُ ٱئۡتُونِي بِهِۦٓ أَسۡتَخۡلِصۡهُ لِنَفۡسِيۖ فَلَمَّا كَلَّمَهُۥ قَالَ إِنَّكَ
ٱلۡيَوۡمَ لَدَيۡنَا مَكِينٌ أَمِينٞ ﴿٥٤﴾ قَالَ ٱجۡعَلۡنِي عَلَىٰ خَزَآئِنِ ٱلۡأَرۡضِۖ

إِنِّي حَفِيظٌ عَلِيمٌ ﴿٥٥﴾ وَكَذَٰلِكَ مَكَّنَّا لِيُوسُفَ فِي ٱلۡأَرۡضِ
يَتَبَوَّأُ مِنۡهَا حَيۡثُ يَشَآءُۚ نُصِيبُ بِرَحۡمَتِنَا مَن نَّشَآءُۖ وَلَا
نُضِيعُ أَجۡرَ ٱلۡمُحۡسِنِينَ ﴿٥٦﴾ ﴾ يوسف: ١ - ٥٦

अर्थ : अलिफ-लाम-रा, यो स्पष्ट ग्रन्थका आयतहरू हुन् । निःसन्देह हामीले यस कुरआनलाई अरबीमा उतारेका छौं ताकि तिमीले बुझ्न सक । हामी तपाई सामु सर्वोत्कृष्ट बृतान्त प्रस्तुत गर्दछौं, यस कारण कि हामीले तपाई तिर यो कुरआन वह्यको माध्यमबाट उतारेकाछौं र निःसन्देह यस भन्दा अगाडि तपाई अज्ञानहरू मध्येका हुनु हुन्थ्यो । जब यूसुफले आफ्ना पितासँग भने कि बुबा ! मैले (सपनामा) एघारा ताराहरू, र सूर्य र चन्द्र देखेको छु कि तिनीहरूले मलाई ढोगिराखेका छन् । याकूबले भने प्यारो छोरो ! आफ्नो यस सपनाको चर्चा आफ्ना दाजुभाइहरूसँग नगर्नु, नत्र तिनीहरू तिम्रो लागि षड्यन्त्रपूर्ण चाल चल्नेछन् । कुनै सन्देह छैन कि शैतान मानिसको स्पष्ट रूपमा शत्रु हो । र यसै प्रकार अल्लाहले तिमीलाई विशेष रूपमा रोज्नेछ, र सपनाको अर्थको ज्ञान गराउनेछ, र जुन किसिमले उसले आफ्नो वरदान

अघि तिम्रा बाजे-बराजु, इब्राहीम तथा "इस्हाक" लाई प्रदान गरेको थियो, त्यसै प्रकारले तिमी माथि र याकूबको सन्ततिलाई पनि प्रदान गर्नेछ । निःसन्देह तिम्रो पालनकर्ता (सर्व) ज्ञाता र तत्वदर्शी छ । हो, यूसुफ र तिनका दाजुभाइहरूमा सोध गर्ने मानिसहरूका निम्ति धेरै निशानीहरू छन् । जब तिनीहरूले (आपसमा) चर्चा गरेः कि यूसुफ र उनको भाइ पितालाई हामी भन्दा धेरै प्रिय छन् । हुन त हामीहरू शक्तिशाली जत्तथा छौं । निश्चय नै हाम्रा पिता ठूलो भ्रममा हुनुहुन्छ । तसर्थ यूसुफलाई त मारिहाल वा कुनै अज्ञात ठाउँमा फालिहाल, जसबाट तिम्रो पिताज्यूको ध्यान मात्र तिमीतिर हुनेछ, र यस पश्चात तिमी राम्रो अवस्थामा भइहाल । तिनीहरूमध्ये एउटाले भन्योः "कि यूसुफको ज्यान नमार, बरु गहिरो इनारमा फालिदेऊ यसरी कि कुनै बटुवाले निकालेर लैजाओस् । यदि तिमीले गर्नुछ भने यसरी नै गर ।" भन्न थालेकिः "पिताज्यू ! के कारण छ कि हजुरले यूसुफको बारेमा हामीलाई विश्वास गर्नुहुन्न, जबकि हामी उसका शुभचिन्तक हौं ।" भोलि उसलाई खूबै आनन्द गर्न, खेल्न र खानपीन गर्न हाम्रो साथमा पठाइदिनुस् । हामी

उसको सुरक्षाको जिम्मेवार छौं। याकूब (अलैहस्सिलाम)ले भने: “कि यो कुरा मलाई दु:खी तुल्याइदिन्छ कि तिमीहरूले उसलाई लग, र मलाई यो पनि डर छ, कि तिम्रो असावधानीबाट उसलाई ब्वाँसोले खाइदिनेछ। तिनीहरूले भने कि हाम्रो शक्तिशाली उपस्थितिमा पनि यदि उसलाई ब्वाँसोले खायो भने त हामी पूर्ण वेकम्मा हुनेछौं। फेरि जब तिनीहरूले उनलाई लगे, र सबै एकमत भए कि उनलाई एउटा एकान्तको गहिरो इनारमा हालि दियौ, त हामीले यूसुफ (अलैहिस्सलाम) तिर त्यही सन्देश पठायौं कि एक समय यस्तो आउँदैछ कि तिमीले तिनीहरूसित यसको बारेमा भन्नेछौ र तिनीहरूलाई तिम्रो बारेमा कुनै ज्ञान हुनेछैन। तिनीहरू रातिको समयमा पिताको समीपमा रुँदै आए। र भन्न थाले: “कि पिताज्यू ! हामी त परस्पर दगुर्नमा एक अर्कासित अगाडि हुनुमा लागिहाल्यौं, र यूसुफलाई आफ्नो सामानको नजिकमा छाड्दियौं, अनि ब्वाँसोले उसलाई खाइहाल्यो हाम्रो कुरालाई तपाईले पत्याउनुहुन्न, जबकि हामीले सत्य भनिराखेका छौं। र यूसुफको कमिजमा झूठा रगतको दागपनि लगाएर ल्याएका थिए। पिताले भने यो होइन,

बरु तिमीहरू आफैंले मनगढन्ते कुरा बनाएर ल्याएका छौ । त राम्रो धैर्यनै उचित छ र जे तिमीले भनिराखेका छौ त्यस सम्बन्धमा अल्लाहबाट नै मद्दत चाहिन्छ । एउटा यात्रुहरूको समूह आयो, र तिनीहरू पानी लिने मान्छे पठाए । त्यसले ईनारमा बाल्टी हाल्यो र भन्यो आहा ! कति राम्रो भाग्य । यो त एउटा केटो रहेछ र त्यसलाई एउटा मूल्यवान सम्पत्ति ठानेर उनीहरूले लुकाइहाले र जेजति तिनीहरूले गर्दथे अल्लाहलाई सबै थाहा थियो । र उसलाई उनीहरूले सानो मूल्यमा केही दिरहमहरूमा बेचीहाले, तिनीहरूको त यूसुफको बारेमा केही चाहना थिएन । र मिस्रको जुन व्यक्तिले उनलाई किन्यो, त्यसले आफ्नो स्वास्नीसित, भन्यो कि यसलाई, आदर र सम्मानपूर्वक राख । धेरै संभव छ यसले हाम्रो भलो गरोस् अथवा हामीले यसलाई आफ्नो छोराको रूपमा स्वीकार गरिहालौं । यस प्रकार हामीले यूसुफलाई (मिस्रको) धर्तीमा स्थान प्रदान गर्‍यौं, र उद्देश्य यो थियो कि हामीले उनलाई सपनाका कुराहरूको अर्थ सिकाऔं । र अल्लाह आफ्नो काममा सर्वशक्ति सम्पन्न छ, तर धेरै मानिसहरू जान्दैनन् । र जब उनले आफ्नो वयस्क अवस्था प्राप्त गरे, तब

हामीले उनलाई शक्ति र ज्ञान प्रदान गऱ्यौ र असल कर्म गर्नेहरूलाई हामीले यस्तै किसिमले पुरस्कार प्रदान गर्ने गर्दछौं। तर जुन स्त्रीको घरमा यूसुफ बस्दथे, उसले आफूतिर आकृष्ट गर्न खोजी र ढोका थुनि भन्न थाली (यूसुफ !) छिटो आऊ। उनले भने कि अल्लाहले, शरण प्रदान गरोस्, उही मेरो पालनकर्ता हो, उसले मलाई राम्ररी राखेका हुन् निःसन्देह अत्याचारी मानिसहरू कहिल्यै सफलता प्राप्त गर्दैनन्। र त्यस स्त्रीले उत्सुकतापूर्वक उनको कामना गरी र उनले पनि त्यसको इच्छा गरिहाल्थे यदि उनले आफ्नो पालनकर्ताको निशानी नदेखेको भए। यस्तो यसकारणले कि हामीले उनलाई नराम्रो र लज्जाजनक कुरोबाट टाडा राख्न सकौं। निःसन्देह ऊ हाम्रो विशिष्ट सेवकहरू मध्येको थियो। दुवै ढोकातिर दगुरे र ती महिलाले उनको कमिज पछाडिबाट समाती च्यातिहाली, र दुवैको ढोकानिर ती स्त्रीको पतिसित भेट भइहाल्यो, अनि भन्न थाली कि जुन मानिसले तिम्रो स्वास्नी प्रति यस्तो नराम्रो भावना राख्दछ, उसको दण्ड यो छ कि उसलाई कैद गरियोस् अथवा अरु कुनै दुःखपूर्ण सजाय दिइयोस्। यूसुफले भनेः यस स्वास्नी मानिसले नै मलाई आफूतिर बहकाउन

खोजेको थियो र सोही महिलाको आफन्तहरू मध्ये एकजना गवाहले यो भन्यो: कि यदि उसको कमिज अगाडिबाट च्यातिएको छ भने यो साँचो छे र यूसुफ झूठ बोल्ने हो। र यदि कमिज पछाडिबाट च्यातिएको छ भने यो स्त्री झूठो (छे) र यूसुफ साँचो हो। तसर्थ जब उसले देख्यो: कि कमिज पछाडिबाट च्यातिएको छ, तब उसले भन्यो: कि यो तिम्रै षडयन्त्र हो र सन्देह छैन तिमी आईमाईहरूको चालबाजी ठूलो हुन्छ। यूसुफ ! यो कुराको तिमी वास्ता नगर र। स्त्री ! तिमी आफ्नो दुष्कर्मको निम्ति क्षमायाचना गर, नि:सन्देह दोष तिम्रो नै छ। र शहरमा आईमाईहरूले कुरा गर्न थालिन् कि "अजीजकी" स्वास्नी आफ्नो युवा दासलाई आफूतिर प्रवृत्त गर्न चाहिन्छिन्, र यूसुफको माया उसको हृदयलाई गहिरो रूपमा प्रभावित गरिसकेको छ। हामीले देख्दछौं कि त्यो सरासर मार्ग बिचलित भइराखेकी छे। उसले (जुलेखाले) जब यी आईमाईहरूका मक्कारीका कुरा सुन्यो, तब उनलाई बोलाउन सन्देश पठायो, र उनको लागि बैठकको आयोजना गऱ्यो, र हरेकलाई एउटा छुरी दियो, र भन्यो कि हे यूसुफ उनको सामुन्ने आऊ, जब आईमाईहरूले देखिने त आश्चर्य

चकित भइन् र आफ्नो हात काटिहालिन्। र उनीहरूले भनिन्कि अल्लाह धन्य छ! यो मनुष्य होइन, अवश्य कुनै मर्यादित स्वर्गदूत हो। अनि अज़ीज़े मिस्रकी पत्नीले भनी, यो त्यही हो जसको बारेमा तिमीहरूले मलाई दोष लगाउँदैथ्यौ र निःसन्देह मैले उसलाई आफूतिर प्रवृत्त गर्न खोजेको हो, तर यो बिचलित भएन र यदि यसले त्यो काम गर्दैन जुन मैले यसलाई भनें त यो बन्दी बनाइनेछ र अपमानित हुनेछ। यूसुफले प्रार्थना गरे कि हे मेरो पालनकर्ता! जुन कामतिर यिनीहरूले मलाई बोलाइराखेछिन् त्यसको सट्टामा मलाई कैद स्वीकार छ, र एकदम यदि तिमीले मबाट उनीहरूको षड्यन्त्र हटाएनौ भने म तिनीहरूतिर प्रवृत्त भइहाल्नेछु र अज्ञानीहरूमध्येको भइहाल्नेछु। अनि अल्लाहले उनको प्रार्थना स्वीकार गरिहाल्यो, र उनीबाट आईमाईहरूको जाल समाप्त गरिहाल्यो। निःसन्देह ऊ सुन्ने (र) जान्नेवाला छ। तर यसका बावजूद कि तिनीहरूले धेरै निशानीहरू देखिसकेका थिए तैपनि उनीहरू यसै कुरामा सहमत भएकि केही दिनको लागि कैदमा नै राखियोस्। र उनको साथमा अरु दुई युवकहरू पनि जेलमा प्रवेश गरे। तिनीहरू मध्ये एउटाले

भन्यो कि मैले सपना देखेको छुः कि म मदिराको निम्ति अंगुर निचोरिराखेको छु । अर्कोले भन्योः कि मैले पनि सपना देखेको छु मैले आफ्नो टाउकोमा रोटीहरू बोकेको छु र पंक्षीहरूले त्यसबाट खाइराखेका छन् । तसर्थ हामीलाई यसको अर्थ भनिदिनुस् किनभने हामीले तपाईलाई असल मानिसको रूपमा देखिराखेका छौं । यूसुफले भनेः कि जुन खाना तिमीलाई प्राप्त हुनेवाला छ, त्यो आउनुभन्दा अगाडि नै मैले तिमीलाई त्यसको अर्थ र वास्तविकता भनि दिनेछु । यी ती कुराहरू मध्येका हुन्, जुन मेरो पालनकर्ताले मलाई सिकाउनु भएको छ । जुन मानिसहरू अल्लाहमाथि विश्वास गर्दैनन् र परलोकको दिनलाई नकार्दछन्, मैले तिनीहरूको धर्म छोडिसकेको छु । र आफ्ना पुर्खाहरू, “इब्राहीम” र “इस्हाक” र “याकूबका” धर्मको अनुयायी हूँ । हामीलाई उचित छैन, कि कुनै कुरालाई अल्लाहको साथमा दाँजौं । यो अल्लाहको अनुकम्पा हो, हामीमाथि पनि र अरु मानिसहरू माथि पनि, तर धेरै मानिसहरूले आभार प्रकट गर्दैनन् । मेरो जेलमा बस्ने साथीहरू ! के कैयौं पूज्यहरू (हुनु) राम्रो हुन्छ वा एक अल्लाह जो महान् र सर्वशक्तिमान छ । जुन

कुराहरूलाई तिमीले अल्लाह बाहेक पूजा गर्दछौ तिनीहरू मात्र नाम हुन्, जुन तिमीले र तिम्रा पुर्खाहरूले नामाकरण गरिहालेका छौ । किनभने अल्लाहले तिनीहरूको कुनै प्रमाण पठाएको छैन । सुनिराखकि अल्लाह बाहेक अरु कसैको सत्ता छैन । उसले आदेश गरेको छ, कि उस बाहेक कसैको पूजा नगर, यही सोझो धर्म हो तर धेरै मानिसहरू जान्दैनन् । मेरा जेलका साथीहरू हो ! तिमी मध्ये एउटा त आफ्नो मालिकलाई मदिरा खुवाउन नियुक्त हुनेछ र जुन दोश्रो छ त्यसलाई फाँसिमा झुण्ड्याइने छ र पंक्षीहरूले उसको टाउको लुछेर खानेछन् । जुन कुरा तिमीले मसित सोध्दैछौ त्यसको निर्णय भइसकेको छ । र दुवै मानिसहरू मध्येबाट जसको बारेमा (यूसुफले) ठानेका थिए कि त्यसले मुक्ति पाइहाल्नेछ, उससित उनले भने कि आफ्नो मालिकसँग मेरो चर्चा पनि गर्नु, तर शैतानले उसलाई आफ्नो राजासँग उनको चर्चा गर्न भुलाइदियो, र यूसुफ कैयौ वर्ष जेलमा नै रहिरहे । र राजाले भने कि मैले (सपना देखेको छु), कि सातवटा मोटी गाईहरू छन् जसलाई सातवटा दुब्ली गाईहरूले खाइराखेका छन्, र अन्नका सातवटा हरिया वाला छन् र (सात) सुकेका । हे दरवारीहरू !

यदि तिमीहरू सपनाहरूको अर्थ भन्न सक्छौ भने मलाई मेरो सपनाको अर्थ बताऊ । उनले भने, यी त अन्यौलमा पार्ने सपनाहरू हुन्, र हामीलाई यस्ता सपनाहरूको अर्थ आउँदैन । अहिले त्यो मानिस जुन दुई कैदिहरू मध्येबाट छुटकारा पाइसकेको थियो र जसलाई एउटा अन्तराल पश्चात त्यस कुराको स्मरण भयो, उसले भन्यो कि म, तपाईलाई यसको अर्थ बताउँछु । मलाई ( जेलखानामा) जाने अनुमति दिनस् । (त्यो यूसुफको समीपमा आयो र भन्न थाल्यो) यूसुफ ! हे सत्यनिष्ठ हामीलाई (यस सपनाको अर्थ) भन्नुस् कि सातवटा मोटी गाईहरूलाई सातवटा दुब्ली गाईहरूले खाइराखेका छन् र सातवटा बालाहरू हरिया छन् र सातवटा सुकेका जसबाट म मानिसहरूको समीपमा गई अर्थ भनूं, हुनसक्छ कि तिनीहरूले जानुन् । यूसुफले भने: कि तिमीहरूले सात वर्षसम्म लगातार खेती गर्दै रह, अनि बाली काटेर बाला सहित रहनदिनु केही अन्न बाहेक जुन तिमीले खान्छौ । अनि यस पश्चात सात वर्षसम्म अत्यन्त गम्भीर अनिकाल आउनेछ यसमा जुन अनाज तिमीले जम्मा गरेर राखेका छौ, तिनीहरूले त्यो सबै खानेछन्, मात्र त्यही अलिकति बाँकी रहनेछ जुनकि तिमीले

जतनले राखिरहने छौ । अनि यस पश्चात एक वर्ष यस्तो आउनेछ कि जसमा निकै बृष्टि हुनेछ र मानिसहरू त्यसबाट (अंगूर समेतको) धेरै रस निचोर्नेछन् । (यो अर्थ सुनेर) राजाले आदेश दियो: "कि यूसुफलाई मेरो पासमा ल्याऊ ।" जब सन्देशबाहक उनको पासमा गयो त उनले भनेकि आफ्नो मालिकको साम्ु फर्केर जाऊ र तिनीसित सोध कि ती आईमाईहरूको वास्तविक हाल के छ, जसले कि आफ्ना हात काटेका थिइन् ? नि:सन्देह मेरो पालनकर्ता तिनीहरूको षड्यन्त्रलाई राम्ररी जान्दछ । राजाले महिलाहरूसित सोध्यो: कि त्यसबेला को सत्य घटना के थियो, जब तिमीहरूले यूसुफलाई आफूतिर आकृष्ट गर्न चाह्यौ । सबैले भने कि "अल्लाहले हाम्रो संरक्षण गरुन्" हामीले यूसुफमा कुनै नराम्रो कुरो पाएनौं । अनि अजीजकी स्वास्नीले पनि भनिन् अब त साँचो कुरा प्रकट भइसकेको छ, मैले नै उसलाई आफूतिर प्रवृत्त गर्न चाहेको थिएँ र ऊ नि:सन्देह साँचोहरू मध्येको हो । (यूसुफ अलैहिस्सलामले भने कि) यो यसकारण (सोधेको हो) की अजीजलाई विश्वास होस् कि मैले उसको अनुपस्थितिमा उसप्रति विश्वासघात गरेको छैन र यो पनि कि

अल्लाह जाल रची दुष्टकर्म गर्नेहरूलाई सफल हुन दिंदैन। (यूसुफले भने) म आफ्नो पवित्रताको बखान गर्दिन, निःसंकोच यो भन्न सक्छु कि मनले त नराम्रो कुरालाई वढ़ावा दिने गर्दछ। तर मेरो पालनकर्ताले दया गरेमा कुरा बेग्लै हो। वस्तुतः मेरो पालनकर्ता धेरै दया गर्नेवाला र ज्यादै कृपा गर्ने वाला छ। राजाले आदेश दियो "उसलाई मेरो नजिक ल्याऊ" कि म उसलाई आफ्नो खास कार्यकोलागि नियुक्त गरुँला। फेरि बादशाहले जब उनीसंग कुराकानी गरे, त्यस पछि बादशाहले भन्यो "तपाई म कहाँ आजै देखि प्रतिष्ठित र सम्मानित हुनु हुन्छ"। यूसुफले भने, तपाईले मलाई राष्ट्रको ढुकुटीपाल नियुक्त गर्नु होस् म त्यसलाई रक्षा गर्नेवाला तथा त्यसबाट चनाखो रहुँला। यसरी मैले यूसुफलाई राष्ट्रको अख्तियारी दिएँ उनी जहाँ पनि चाहे अनुसार रहन र गर्न सक्ने भए। म जसलाई चाहन्छु त्यसलाई आफ्नो दया पुऱ्याइदिन्छु। म राम्रो कार्य गर्नेवालाको राम्रोपनालाई त्यसै खेर जान दिन्न। ( सूरतु यूसुफ १- ५६ )

यस्तै ईसा अलैहिस्सलामलाई जन्मजात अन्धो र रोगीहरूलाई संचो पार्ने ज्ञान प्रदान गरिएको थियो र मृतकलाई जीवित गर्नुको सामर्थ्य

अल्लाहबाट प्रदान गरिएको थियो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ذَٰلِكَ مِنۡ أَنۢبَآءِ ٱلۡغَيۡبِ نُوحِيهِ إِلَيۡكَۚ وَمَا كُنتَ لَدَيۡهِمۡ
إِذۡ يُلۡقُونَ أَقۡلَٰمَهُمۡ أَيُّهُمۡ يَكۡفُلُ مَرۡيَمَ وَمَا كُنتَ
لَدَيۡهِمۡ إِذۡ يَخۡتَصِمُونَ ٤٤ إِذۡ قَالَتِ ٱلۡمَلَٰٓئِكَةُ يَٰمَرۡيَمُ إِنَّ
ٱللَّهَ يُبَشِّرُكِ بِكَلِمَةٖ مِّنۡهُ ٱسۡمُهُ ٱلۡمَسِيحُ عِيسَى ٱبۡنُ مَرۡيَمَ وَجِيهٗا
فِي ٱلدُّنۡيَا وَٱلۡأٓخِرَةِ وَمِنَ ٱلۡمُقَرَّبِينَ ٤٥ وَيُكَلِّمُ ٱلنَّاسَ فِي
ٱلۡمَهۡدِ وَكَهۡلٗا وَمِنَ ٱلصَّٰلِحِينَ ٤٦ قَالَتۡ رَبِّ أَنَّىٰ يَكُونُ
لِي وَلَدٞ وَلَمۡ يَمۡسَسۡنِي بَشَرٞۖ قَالَ كَذَٰلِكِ ٱللَّهُ يَخۡلُقُ مَا يَشَآءُۚ إِذَا
قَضَىٰٓ أَمۡرٗا فَإِنَّمَا يَقُولُ لَهُۥ كُن فَيَكُونُ ٤٧ وَيُعَلِّمُهُ ٱلۡكِتَٰبَ
وَٱلۡحِكۡمَةَ وَٱلتَّوۡرَىٰةَ وَٱلۡإِنجِيلَ ٤٨ وَرَسُولًا إِلَىٰ بَنِيٓ
إِسۡرَٰٓءِيلَ أَنِّي قَدۡ جِئۡتُكُم بِـَٔايَةٖ مِّن رَّبِّكُمۡۖ أَنِّيٓ أَخۡلُقُ لَكُم
مِّنَ ٱلطِّينِ كَهَيۡـَٔةِ ٱلطَّيۡرِ فَأَنفُخُ فِيهِ فَيَكُونُ طَيۡرَۢا
بِإِذۡنِ ٱللَّهِۖ وَأُبۡرِئُ ٱلۡأَكۡمَهَ وَٱلۡأَبۡرَصَ وَأُحۡيِ ٱلۡمَوۡتَىٰ
بِإِذۡنِ ٱللَّهِۖ وَأُنَبِّئُكُم بِمَا تَأۡكُلُونَ وَمَا تَدَّخِرُونَ فِي بُيُوتِكُمۡۚ

إِنَّ فِي ذَٰلِكَ لَآيَةً لَّكُمْ إِن كُنتُم مُّؤْمِنِينَ ﴿٤٩﴾ آل عمران: ٤٤ - ٤٩

अर्थ : यी कुराहरू अदृश्यमा भएका समाचारहरू मध्येका हुन्, जसलाई हामीले तिम्रो छेउमा वह्य (कुरआनका आयात)को माध्यमबाट पठाउँछौं र तिमी उनीहरूबीच थिएनौ जब तिनीहरूले आफ्ना कलमहरू हालिराखेका थिए कि मरियमलाई कसले पाल्नेछ ? र त्यस बेला पनि तिनीहरूबीच थिएनौ, जब कि तिनीहरू आपसमा झगडा गरिराखेका थिए । जब फरिश्ताहरूले भने कि मरियम ! अल्लाहले तिमीलाई आफ्नो एउटा शब्दद्वारा (पुत्रको) शुभ समाचार दिन्छ, जसको नाम मसीह (प्रख्यात) ईसा बिन मरियम हुनेछ । संसार र आखिरतमा मर्यादित र मेरो विशिष्टहरूमध्ये एउटा हुनेछ । उसले आमाको काँखमा हुर्केको अवस्थामा र ठूलो भएपछि दुवै अवस्थाहरूमा मानिसहरूसित कुरा गर्नेछ र ऊ सदाचारीहरूमध्येबाट हुनेछ । मरियमले भनिन् हे पालनहारः मलाई पुत्र प्राप्ति कसरी हुन्छ जब कि कुनै मनुष्यले मलाई स्पर्शसम्म पनि गरेको छैन । फरिश्ताले भने कि, अल्लाहले यस्तै जे चाहन्छ पैदा गर्दछ । जब त्यसले कुनै काम गर्न चाहन्छ त त्यसको हुकुम गर्दछ कि भइहाल, अनि त्यो

भइहाल्छ । अल्लाहले उसलाई लेख्न (पढ्न) र बुद्धि प्रदान गर्नेछ र तौरात र इञ्जील सिकाउने छ । र ऊ बनी इस्राईलतिर पैगम्बर भएर जानेछ । (भन्नेछ) कि म तिमीहरू छेउ तिम्रो पालनहारको तर्फबाट निशानी लिएर आएको छु । त्यो के भने तिम्रो अगाडि माटोको पंक्षीको रूपका आकार बनाउँछु । फेरि त्यसमा फूंक्छु त त्यो अल्लाहको आदेशले (साँच्चै) पंक्षी भइहाल्छ । र अल्लाहको आदेशले म जन्मै देखिको अन्धो र महारोगीलाई स्वस्थ्य पारिदिन्छु र मुर्दामा प्राण हालिदिन्छु र जे जति तिमी खान्छौ र जेजति आफ्ना घरहरूमा थुपारेर राखेका छौ, सबै तिमीलाई बताइदिन्छु । यदि तिमी ईमान ल्याएको भए यी कुराहरूमा तिम्रा निम्ति अल्लाहको सामर्थ्यको निशानी छ । ( सूरतु आले इम्रान ४४- ४९ )

र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ إِذْ قَالَ ٱللَّهُ يَٰعِيسَى ٱبْنَ مَرْيَمَ ٱذْكُرْ نِعْمَتِى عَلَيْكَ وَعَلَىٰ وَٰلِدَتِكَ إِذْ أَيَّدتُّكَ بِرُوحِ ٱلْقُدُسِ تُكَلِّمُ ٱلنَّاسَ فِى ٱلْمَهْدِ وَكَهْلًا ۖ وَإِذْ عَلَّمْتُكَ ٱلْكِتَٰبَ وَٱلْحِكْمَةَ وَٱلتَّوْرَىٰةَ وَٱلْإِنجِيلَ ۖ وَإِذْ تَخْلُقُ مِنَ ٱلطِّينِ كَهَيْـَٔةِ ٱلطَّيْرِ

بِإِذۡنِي فَتَنفُخُ فِيهَا فَتَكُونُ طَيۡرَۢا بِإِذۡنِيۖ وَتُبۡرِئُ ٱلۡأَكۡمَهَ
وَٱلۡأَبۡرَصَ بِإِذۡنِيۖ وَإِذۡ تُخۡرِجُ ٱلۡمَوۡتَىٰ بِإِذۡنِيۖ وَإِذۡ
كَفَفۡتُ بَنِيٓ إِسۡرَٰٓءِيلَ عَنكَ إِذۡ جِئۡتَهُم بِٱلۡبَيِّنَٰتِ
فَقَالَ ٱلَّذِينَ كَفَرُواْ مِنۡهُمۡ إِنۡ هَٰذَآ إِلَّا سِحۡرٞ مُّبِينٞ ﴿١١٠﴾

المائدة: ١١٠

अर्थ : अल्लाहले भन्ने छ कि हे मरियम का पुत्र ईसा(अलैहिस्सलाम) । मेरा ती कृपाहरू यादगर, जुन तिमी र तिम्री आमा माथि गरिएको हो । जब मैले पवित्र आत्मा (जिब्रील) द्वारा तिमीलाई मद्दत पुऱ्याएँ (जसबाट) तिमी (बाल्य अवस्थामा) आमाको गोदीबाटै र अधेड उमेरमा मानिसहरूसँग कुराकानी गर्थ्यौ र जब मैले तिमीलाई किताब र बुद्धिमत्ता र तौरात र इंजीलको तालिम दिएँ र जब तिमीले मेरो आदेशबाट माटोको चाराको रूप बनाई त्यसमा फूँकेपछि जीवित चरा बन्दथ्यो । र, जब जन्मजात अन्धाहरू र कुष्टरोग सेतादाग भएका मानिसहरूलाई मेरो आदेशबाट निको पार्थ्यौ र जब तिमी मुर्दाहरूलाई मेरो आज्ञाले (चिहानहरूबाट) निकालेर उभ्याइहाल्दथ्यौ र जब मैले बनी इस्राईललाई तिमीमाथि अत्याचार

गर्नबाट रोकिहालें, जब तिमी तिनीहरू छेऊ तर्कहरूलिएर आएका थियौ फेरि तिनीहरूमध्ये जो काफिर थिए, तिनीहरूले भन्न थाले कि यो त खुल्ला जादू बाहेक अरु केही होइन । ( सूरतुल् माइदा ११० )

र यस जस्ता धेरै उदाहरणहरू छन् जसबाट यो प्रमाणित हुन्छ कि ज्ञान एउटा प्रकाश हो जुन मान्छेलाई अरु मान्छेहरूबाट भिन्नगरी श्रेष्ठ बनाउँछ ।

यसैकारण इस्लाममा ज्ञानको महत्व सबैभन्दा धेरै छ । बिना ज्ञान मानव आफ्नो पूज्यलाई पूर्णतः चिन्न सक्दैन, र आफ्नो धर्मलाई बुझ्न सक्दैन यसर्थ आफ्नो देश र समाजको कल्याण गर्न सक्दैन । ज्ञानद्वारा नै समाज र संसारको कल्याण हुन्सक्छ, र शुद्धज्ञानद्वारा नै मनुष्य सुमार्ग खोज्न सक्छ र त्यस सुमार्गमा सुदृढ रहन्सक्छ ।

र यस कुरालाई यसरी बुझ्नुस् कि एउटा मान्छेसितधन सम्पत्ति अधिक मात्रामा छ तर ज्ञान छैन भने त्यो सम्पूर्ण धन सम्पत्तिको विनाश गरिहाल्छ । किनकि त्यसलाई ज्ञान नै छैन कि यस सम्पत्तिलाई कुन ठाउँमा प्रयोग गरे पश्चात परिणाम राम्रो आउँछ अथवा मालमा वृद्धि हुन्छ । यस्तै यदि कुनै मान्छे कुनै सत्य र सही धर्मको

अनुयायी छ तर त्यसलाई त्यस धर्मको बारेमा कुनै ज्ञान छैन भने त्यो अवश्य भ्रमित भई सुमार्गबाट कुमार्गतिर लाग्नेछ र त्यसलाई थाहा पनि हुन्सक्दैन । अल्लाहका रसूल मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले विद्या र ज्ञानको महत्वलाई एउटा उदाहरणद्वारा यसरी दर्शाउनु भएको छ उहाँको भनाई छ :

अर्थ : मलाई जुन सुमार्ग (इस्लाम) र ज्ञान दिएर पठाइएको छ त्यसको उदाहरण त्यस वृष्टि जस्तो छ जुन पृथ्वीमाथि बर्सन्छ, अनि धरती मध्ये एक भूभाग यस्तो हुन्छ जुन पानी पाए पश्चात थरिथरिका फलफूल उब्जाउँछ, र आर्को भूभाग यस्तो हुन्छ कि त्यो पानीलाई सुरक्षित राख्दछ, अनि कतिपय प्राणीहरू त्यसबाट लाभान्वित हुन्छन्, र आर्को भूभाग यस्तो हुन्छ जुन नत फलफूल उब्जाउँछ नत पानी नै सुरक्षित राख्छ कि त्यसबाट कुनै प्राणी लाभान्वित होस् । त यस्तै मानिसहरूको पनि तीन थरिहरू छन् एउटा मैले ल्याएको धर्म र ज्ञानबाट स्वयम् लाभ उठाउँछ र अरुलाई पनि लाभान्वित गर्छ, (र त्यो आस्थावानको समूह हो) । र आर्को थरि यस्तो हुन्छ कि जुन मैले ल्याएको धर्म र ज्ञानबाट स्वयम् लाभान्वित हुँदैन तर अरुलाई त्यस धर्म र

ज्ञानद्वारा लाभ पुऱ्याउँछ, (र यो मुनाफिक कपटीहरूको समूह हो ) । र आर्को थरि मान्छेहरूको त्यो समूह हो जुन मैले ल्याएको धर्म र ज्ञानबाट नत आफै लाभ उठाउँछ नत कसै अरुलाई नै लाभ पुऱ्याउँछ (र यो नास्तिक र काफिरहरूको समूह हो ) । (बुखारी, मुस्लिम)

त यस हदीसबाट के सिद्ध हुन्छ भने मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले ल्याएको धर्म नै सबैको लागि कल्याणकारी छ यसर्थ त्यसलाई अङ्गीकार गरेर पूर्ण विश्वको कलयाण गर्न सकिन्छ । र यो पनि सिद्ध हुन्छ कि ज्ञान हुनु मात्र प्रयाप्त छैन बरु त्यस ज्ञानलाई अङ्गीकार गरेर त्यसै बमोजिम कर्म गर्नु पनि अति आवश्यक छ । किन भने यदि मसित थुप्रै भोजन सामग्री होस् र म भोकै रहूँ भने त्यस भोजनको के लाभ, र भोजनको के अर्थ किनकि मलाई भोजनको लाभ मिलेकै छैन ।

त यस्तै ज्ञान बमोजिम कर्म गर्नु अति आवश्यक छ । कतिपयजना यो भन्छन् कि इस्लाम धर्म अति राम्रो धर्म हो, इस्लाम धर्म नै सत्य धर्म हो, इस्लामका निर्देशनहरू शान्तिका विभूति र प्रतीक हुन् । तर यो सबै जानेर पनि यदि मान्छे

इस्लामलाई अङ्गीकार गर्दैन भने त्यसलाई यस ज्ञानको के लाभ र यस भनाईको के अर्थ ?

र यस ज्ञानको महत्व दोब्बर भइहाल्छ जब हामीलाई यो थाहा हुन्छ कि विद्या र ज्ञानद्वारा मान्छे मरणोपरान्त पनि लाभान्वित हुँदै रहन्छ । जस्तोकि तपाई कुनै लाभदायक पुस्तक लेखेर मर्नु भयो, वा कसैलाई आफ्नो ज्ञानको माध्यमले सुमार्गतर्फ आकर्षित गर्नु भयो, वा कुनै कुकर्मबाट रोक्नु भयो, वा कसैलाई पढाउनु भयो .... आदि । त यो सबैको पुण्य मरणोपरान्त पनि तपाईलाई निल्दै रहनेछ । जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : " जब मान्छेको मृत्यु भइहाल्छ त तीन सुकार्य बाहेक सबै कार्यको स्रोतहरूको अन्त भइहाल्छ, र ती तीन मध्ये एउटा हो निरन्तर रही रहने दान, आर्को हो यस्तो विद्याको स्रोत जसबाट समस्त मानवजाति लाभन्वित होस्, र तेस्रो हो सदाचारी सन्तान जुन त्यसको मुक्तिको लागि दुआ गरोस् " । ( मुस्लिम )

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : जुन मान्छे ज्ञान प्राप्तिको लागि आफ्नो घरबाट निस्कन्छ त्यो अल्लाहको मार्गमा युद्ध

गर्नेहरू सरह छ यहाँ सम्मकि ज्ञान प्राप्ति पश्चात आफ्नो घर फर्केर आओस् । ( तिर्मिजी )

र आर्को हदीसमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : विद्यार्थीको लागि फरिश्ताहरू र माछा एवं कमिलाहरू र सृष्टिका समस्त प्राणीहरू याचना गर्छन् । ( तिर्मिजी )

र यस जस्ता धेरै हदीसहरू छन् जुन ज्ञान र विद्याको महत्वलाई दर्शाउँछन् । र बिना ज्ञान मनुष्य जनावर जस्तो नै हुन्छ, ज्ञान नै मनुष्यलाई जनावरबाट भिन्न गर्छ । यसर्थ हे प्रिय भाइ ! विद्यातर्फ ध्यान दिनुस्, बिना ज्ञान तपाई इस्लामलाई बुझ्न् सक्नु हुनेछैन । र जुन ज्ञान इस्लाममा महत्वपूर्ण छ र जसको अनिवार्यता सिद्ध छ त्यो हो कुरआन र हदीसको ज्ञान । तर यसको अर्थ यो कदापि होइन कि संसारिक ज्ञान जरुरी छैन तर सर्वप्रथम मुसलमानमाथि आफ्नो धर्मको ज्ञान प्राप्त गर्नु अनिवार्य छ, अनि त्यस पश्चात कुनै ज्ञान पनि प्राप्त गरोस् इस्लाम त्यसमा कुनै बन्देज लगाउँदैन ।

तर कतिपयजना यो आरोप लगाउँछन् कि सांसारिक ज्ञानको इस्लाममा कुनै स्थान र महत्व छैन तर यो कुरो वास्तवमा निराधार र मूर्खतापूर्ण कुरो हो । के यस्तो दाषारोपण गर्नेहरूसित कुनै प्रमाण छ ? कदापि छैन नत हुनै सक्छ किनकि इस्लामले संसारिक ज्ञानको प्राप्तिबाट कतै पनि रोक लगाएको छैन बरु त्यसतर्फ प्रोत्साहन गरेको छ। र शैखुल् इस्लाम इब्ने तैमियाले त यहाँ सम्म भन्नु भएको छ किः “ यदि कुनै ठाउँ शहर र राज्यमा कुनै डाक्टर, इनिजीनियर ... आदि छैन भने त्यस समाजका मान्छेहरू माथि यो अनिवार्य भइहाल्छ कि डाक्टरी ...आदिको ज्ञान प्राप्त गरुन् ” ।

र दोस्रो कुरो के छ भने यदि इस्लामले संसारिक ज्ञानलाई वर्जित गरेको भए हामीलाई सृष्टिमाथि चिन्तन् मनन् गर्ने आदेश किन दिन्थ्यो ? त हामी ज्ञान नभएको वस्तुमाथि चिनतन् मनन् र विचार कसरी गर्न सक्छौं ?

र तेस्रो कुरो के छ भने यदि इस्लाममा संसारिक ज्ञान वर्जित छ भने ठूला ठूला मुसलमान वैज्ञानिक कताबाट उत्पन्न भए के कसैसित यसको जवाफ छ ?

प्रिय पाठकहरू ! शिक्षाको महत्व इस्लाममा कति छ तपाईलाई अवश्य थाहा भइहाल्यो होला । इस्लाम सबैलाई शिक्षातर्फ आमन्त्रित गर्छ र शिक्षा र ज्ञानको माध्यमले एउटा स्वच्छ समाजको विस्तारतर्फ ध्यान आकर्षण गराउँछ । र हामीलाई यो सिकाउँछ कि शिक्षा सर्वप्रथम अल्लाह सम्म पुग्ने र त्यसको दया र कृपालाई प्राप्त गर्ने स्रोत र माधयम हो । र यो पनि प्रष्ट पार्छ कि ज्ञान नै त्यो स्रोत हो जसको माधयमले हामी आफ्नो परम् पूज्यको आभार प्रकट गर्न सक्छौं ।

हे भाइ ! शिक्षा बिना मानवताको कल्याण असम्भव छ तत्पश्चात कुनै पनि राज्य वा समाज एवं समूहको कल्याणको लागि शिक्षा अति आवश्यक छ । र यस्तै यस संसारमा सुख शान्ति र सदभावनालाई स्थापित गर्नुको लागि पनि शिक्षा अति आवश्यक छ । र यस्तै स्वर्ग प्राप्तिको लागि पनि शिक्षा जरुरी छ, किनकि स्वर्ग प्राप्तिको लागि सुकर्म गर्नु र आफ्नो परम् पूज्यको गुणगान गर्नु अति आवश्यक छ, र यो दुवै कार्य अर्थात सुकर्मको मार्ग एवं गुणगानका विधिहरूको ज्ञान मात्र शिक्षाद्वारा नै सम्भव छ ।

तसर्थ हामी यस निष्कर्षमा गुग्यौं कि यदि हामीलाई लोक परलोकको सुख शान्ति र सफलता चाहिन्छ भने शिक्षा प्राप्त गर्नु आवश्यक भइहाल्छ जसको माध्यमले हामी अल्लाहको हक, रसूलको हक, समस्त आफन्तीहरूको हक र समस्त सृष्टिहरूको हकलाई जानौं र धर्मका विधिहरूको ज्ञान प्राप्त गरौं, र धर्मका सीमाहरूलाई राम्ररी जानेर त्यसैसीमामा रही स्वर्ग प्राप्तिको प्रयास गरौं ।

हे भाइ ! आफू पनि कुरआन र हदीसको शिक्षा प्राप्त गर, र आफ्नो घरपरिवार र छोरा छोरीहरूलाई पनि यसको शिक्षा देऊ यही नै प्रगति र उन्नति एवं स्वर्गको मार्ग हो । यसैमार्गमा हिँडेर हाम्रा पूर्वजहरूसफल भए, हामी पनि यसै बाटोमा अग्रसर भई सफल हुन्सक्छौं ।

हे भाइ ! यो जीवन चार दिनको हो, यसको सदुपयोग गर, यसलाई तपाईहरूले सम्पत्ति एकत्रित गर्नुको लागि अर्पित गरिसकेका छौ, मात्र एक घंटा प्रतिदिन अल्लाहको धर्मलाई सिक्नुमा पनि लगाएर हेर यसमा तपाईको कुनै हानि हुनेछैन बरु तपाईलाई स्वर्गको मार्गको दर्शन हुनेछ, के तपाई पूर्ण जीवन सम्पत्ति जम्मा गर्नुमा

लगाउन सक्नु हुनेछ र मात्र एक घंटा आफ्नो पालनकर्ताको धर्म सिक्नुको लागि लगाउन सक्नु हुन्न ?

यादराख जुन सम्पत्ति तिमी एमत्रित गरिरहेका छौ त्यो तिम्रो होइन बरु तिम्रो सन्तानको हो, जुन सम्पत्ति यति परिश्रम र हलाल हराममा बिन फरक गरेर जम्मा गरिरहेका छौ त्यो तिम्रो कुनै काम लाग्ने छैन । यदि केही काम लाग्ने छ त त्यो हो तिम्रो सुकर्म । विचार गर दिनमा कति सुकर्म गरिरहेका छौ ?

हे प्रिय पाठक वर्ग ! यस चार दिनको जिन्दगानीमा जति धन पनि थुपारे अन्ततः त्यसलाई छाडेर जानु नै पर्नेछ, स्थाई जीवन त मात्र परलौकिक जीवन नै हो । यसर्थ आफूलाई र आफ्नो सत्यतालाई पहिचान, र अल्लाह र रसूललाई पनि जान, र उनीको अनुशरण गरी स्वर्गीय बन्ने सौभाग्य प्राप्त गर, र यो मात्र ज्ञानले नै सम्भव छ । कदाचित यस्तो नहोस् कि काल आइपुगोस् र तिमीसित परलोकको जीवनको लागि केही न होस् किनकि समस्त जीवनलाई मात्र माल थुपार्नुमा लगाउनु भएको छ परलोकको लागि कुनै तयारी नै गर्नु भएको छैन ।

हे भाइ ! काल आए पश्चात एक क्षण यता उता हुनेछैन जति चिचाए पनि केही लाभ हुने छैन जस्तोकि अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تُلۡهِكُمۡ أَمۡوَٰلُكُمۡ وَلَآ أَوۡلَٰدُكُمۡ عَن ذِكۡرِ ٱللَّهِۚ وَمَن يَفۡعَلۡ ذَٰلِكَ فَأُوْلَٰٓئِكَ هُمُ ٱلۡخَٰسِرُونَ ٩ وَأَنفِقُواْ مِن مَّا رَزَقۡنَٰكُم مِّن قَبۡلِ أَن يَأۡتِيَ أَحَدَكُمُ ٱلۡمَوۡتُ فَيَقُولَ رَبِّ لَوۡلَآ أَخَّرۡتَنِيٓ إِلَىٰٓ أَجَلٖ قَرِيبٖ فَأَصَّدَّقَ وَأَكُن مِّنَ ٱلصَّٰلِحِينَ ١٠ وَلَن يُؤَخِّرَ ٱللَّهُ نَفۡسًا إِذَا جَآءَ أَجَلُهَاۚ وَٱللَّهُ خَبِيرُۢ بِمَا تَعۡمَلُونَ ١١ ﴾ المنافقون: ٩ - ١١

अर्थ : हे मोमिनहरू ! तिम्रा माल, सम्पत्ति र सन्तानले तिमीलाई अल्लाहको स्मरणबाट गाफिल नबनाइदेओस् र जसले यस्तो गर्नेछ त्यसले घाटा बेहोर्ने छ । र जे हामीले तिमीलाई प्रदान गरेका छौं, त्यसबाट खर्च गर यसभन्दा अगाडि कि तिमी मध्ये कसैको मृत्यु भइहालोस् र (त्यसबेला) भन्न थालोस् कि हे मेरो पालनकर्ता अरु समय किन दिएनौ ? म दान गर्दथें र असल मानिसहरूमा शम्मिलित भई हाल्थें । तर अल्लाहले कुनै व्यक्तिलाई जब

उसको निर्धारित समय आइपुग्दछ तब कदापि मोहलत दिंदैन । र जे तिमीले गर्दछौ अल्लाह त्यो सबैबाट अवगत छ । ( सूरतुल् मुनाफिकून ९-११ )

त हे भाइ ! एकेश्वरवादको शिक्षा ग्रहण गर, र एकेश्वरवादमा नै तिम्रो कल र मृत्यु आओस् यस कुराको अल्लाहसित याचना गर किनकि सबैको भाग्यविधाता त्यही अल्लाह नै हो त्यो परम् ज्ञानी र परम् दयालु हुनुको साथ साथै सर्व शक्ति सम्पन्न पनि छ। मेरो अल्लाहसित प्रार्थना छ कि हामी सबैलाई इस्लामको शिक्षा र त्यस बाहेक संसारिक शिक्षा प्राप्त गर्ने सौभाग्य प्रदान गरी हामीलाई लोक परलोकमा सफल बनोओस् । ( आमीन)

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई

क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त


*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-9727649238

00966-0501372254

Email-atiqkhannp1982@yahoo.com